सुनवर्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

डाईनियाँ, मोरङ

प.सं. २०८२/८३

च.नं.

कोशी प्रदेश, नेपाल

मिति-२०८३।०१।३१

**सुनवर्षी नगरपालिका अन्तर्गत रहेका संस्थागत विद्यालयहरुको व्यवसाय दर्ता र नविकरण सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना ।**

प्रस्तुत विषयमा यस सुनवर्षी नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सम्पूर्ण संस्थागत विद्यालयहरुले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सुनवर्षी नगरपालिकाको आर्थिक ऐन तथा प्रचलित कानुन बमोजिम व्यवसाय दर्ता र नविकरण गरि व्यवसाय कर अनिवार्य रूपमा बुझाउनु पर्ने व्यवस्था रहेको व्यहोरा अवगत नै छ ।

तसर्थ, तपाईंको विद्यालयले हालसम्म नगरपालिकामा व्यवसाय दर्ता र नविकरण नगरेको भए देहाय बमोजिमका कागजातहरु सहित यस कार्यालयमा उपस्थित भई आजको मितिले ७(सात) दिन भित्र अनिवार्य व्यवसाय दर्ता र नविकरण गर्नुहुन अनुरोध गरिन्छ।

तपसिलः

१. विद्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपि(अनुमती पत्र) ।
२. स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि ।
३. पछिल्लो करचुक्ता प्रमाणपत्र ।
४. पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन ।
५. जग्गा धनी दर्ता प्रमाण पत्र, भवन नक्सा पास प्रमाणपत्र, सम्पत्ती कर तिरेको रसिद ।
६. घरवहाल सम्झौता पत्र (भाडामा सञ्चालन भएमा) ।
७. विद्यालयको साइनबोर्ड स्पस्ट देखिने गरि खिचिएको विद्यालयको रङ्गिन तस्विर ।

अतः आजको मितिले ७ दिन भित्र व्यवसाय दर्ता र नविकरण गरी सहयोग गर्नुहुन अनुरोध छ।

प्रचलित कानून बमोजिम यस नगरपालिकामा व्यवसाय दर्ता तथा नविकरण गरी नियमित हुन निर्देशानुसार जानकारी गराइन्छ ।

.....................

प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ

**श्री शिक्षा, युवा तथा खेलकुद शाखा, सुनवर्षी न.पा.** — यस न.पा. भित्रका सम्पूर्ण संस्थागत विद्यालयहरुको अभिलेखन गरी व्यवसाय दर्ता तथा नविकरण नियमित गर्न गराउन सूचना दिनहुन ।